ऐन नं ९
प्रमाणीकरण गर्ने
भरत कुमार थापा
( नगरप्रमुख)
मिति : २०७५।९।६

# वागमती नगरपालिका

## नदीजन्य पदार्थ (ढुंगा , गिटी ,वालुवा ) उत्खनन, संकलन र विकी वितरण सम्बन्धि वार्षिक कार्ययोजना आ.व. २०७५।७६

नगरसभाबाट स्वीकृत मिति : २०७५।९।५

**१. प्रस्तावना :**

वागमती नगरपालिका क्षेत्र भित्र रहेको वागमती नदीबाट वालुवा, ढुंगा, गिटी, वालुवाको उत्खनन, संकलन तथा विकि वितरणलाई व्यवस्थित गरि पर्यावरणीय जोखिमलाई न्युनिकरण गर्दै विकास निर्माणको आवश्यकता समेत पुरा गर्न कार्ययोजना वानाउन वाञ्छनीय भएकोले यो कार्ययोजना वनाई लागु गरिएको छ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्ययोजनामा-

(क) "कार्ययोजना " भन्नाले **नदीजन्य पदार्थ (ढुंगा , गिटी ,वालुवा ) उत्खनन, संकलन र विकी वितरण सम्बन्धिवार्षिक कार्ययोजना आ.व. २०७५।७६** लाई सम्झनु पर्दछ ।

(ख) "नगरसभा" भन्नाले वागमती नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ग) "अनुगमन समिति " भन्नाले यस कार्ययोजना बुदां नं.९(क) मा उल्लेखित नगरस्तरीय अनुगमन समति सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले वागमती नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले वागमती नगरपालिका सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(छ) "घाटगद्दी" भन्नाले ढुंगा,गिटी, वालुवा,माटो,चटान, दहत्तर , वहत्तर संकलन वा उत्खनन भएको स्थानलाई जनाउंदछ ।

(ज) "ढुंगा,गिटी, वालुवा, माटो, चटान, दहत्तर, वहत्तर" भन्नाले वागती नदीबाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर,ऐतिहासकि र सांस्कृतिक महत्वका शालिग्राम, शिला र अति मुल्यवान वस्तुवाहेकका ढुंगा, गिटी, वालुवा । रोडा, ग्रेगान, चटान,माटो,चुनढुगा,स्लेट, ढुंगा जस्ता नदीले बगाइ ल्याएको वा थिग्रिएको नदी तथा खानी जन्य प्राकृतिक स्रोत सम्झनु पर्छ ।

(च) "इ.आइ.ए. " भन्नाले वातारण संरक्षण ऐन,२०५६ बमोजिमको वातवरणीय प्रभाव मुल्यांकन भन्ने बुझिन्छ ।

**२) कार्ययोजनको उद्देश्य :**

क) नदीजन्य पदार्थको उत्खनन लाई व्यवस्थित वनाउने ।

ख) प्रदेश सरकार तथा नेपाल सरकारबाट भए गरेका निर्णय कार्यान्वयन गर्ने र गराउने ।

ग) विकास निर्माणको लागि एंव स्थनीय उभोक्तालाई नदीजन्य पर्दा ( ढुंगा,गिटी, वालुवा, माटो, चटान, दहत्तर,वहत्तर) सुलभ र दीगो रुपमा उपलब्ध गराउने ।

घ) विकास र पर्यावरण वीच सन्तुलित सम्वन्ध कायम राख्ने ।

ङ.) ढुंगा,गिटी, बालुवा, माटो, चटान, दहत्तर,वहत्तर विकी वितरण गरी दीगो आन्तरिक स्रोतको व्यवस्था गर्ने ।

**३) उत्खनन गर्न हुने र नहुने क्षेत्रहरु :**

क) इ.आइ.ए. मा उल्लेखित क्षेत्रबाटमात्र ढुंगा,गिटी, बालुवा, माटो, चटान, दहत्तर,वहत्तर उत्खनन गर्ने व्यवस्था मिलाउनु पर्ने छ तर जोखिमको आधारमा नगरस्तरीय अनुगमन समितिले यस्तो क्षेत्रलाई समान्य थपघट गर्न सक्ने छ ।

**४) कार्ययोजनाको क्षेत्र :**

यस कार्ययोजमाले वागमती नगरपालिकाको क्षेत्र भित्र रहेको र इ.आइ.ए. सम्पन्न भएको वागमती नदीको सिमाना भित्रको क्षेत्र समेट्द छ ।

**५) नदीजन्य पदार्थ उत्खनन् तथा विकी वितरण विधि :**

क) नगरकार्यपालिका कार्यालयले नगरकारकार्यपालिकाले तोकेको आवश्यक शर्तसहित राष्ट्यिस्तरको पत्रिकामा कम्तिमा १० दिनको सुचना प्रकाशन गरी बढाबढको सिलवन्दि वोलपत्रको विधिद्धारा नदिजन्य पदार्थको उत्खनन र विकी वितरण गर्नु पर्ने छ ।

ख) ५(क) बमोजिम सुचना प्रकाशन गर्दा ठेक्का लाग्न नसकेमा नगरपालिकाले निर्णय गरि अमानतमा वा अन्य कुनै विधिद्धारा कर संकलन गर्न सक्ने छ ।

ग) उत्खनन् हुने परिमाण एकिन गर्दा अनुगमन समिति, नगरपालिकाको जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा स्थानीय बासिन्दाको रोहवरमा चौकिल्ला निर्धारण गरि निकालिने परिमाण र उत्खनन गरिने गहिराइ समेत जानकारी गराई सिमांकन गर्नु पर्दछ ।

घ) उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनी नांपजांच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने सांध, किल्ला र निशानाका आधारमा परिमाण एकिन गरे पछि मात्र सो घाटबाट उत्खनन कार्यको थलनी गर्नु पर्ने छ । यसरी उत्खनन गरेको सिमाभित्रबाट मात्र उत्खनन कर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने छ ।

ङ.) उत्खनन गर्दा नगरपालकाको प्रतिनिधि वा कर्मचारीको रोहवरमा मात्र रेखांकन गरिएको घाट क्षेत्र भित्रबाट मात्र उत्खनन् गर्नु पर्ने छ ।

च) यान्त्रिक उपकरण प्रयोग गर्न इ.आइ.ए.मा उल्लेख भएको हकमा भारी यान्त्रिक उकरण ( स्काभेटर) समेत प्रयोग गर्न पाइने छ । नदीको वर्तमान अवस्था, यसले पार्न सक्ने जोखिम समेतलाई विचार गरी आवश्यकताको आधारमा नगरपालिकास्तरीय अनुगमन समितिले इ.आइ.ए.मा उल्लेख नभएता पनि समान्य रुपमा मझौला उपकरण ( ब्यक हो

लोडर) सम्म प्रयोग गर्न अनुमती दिन सक्ने छ । यान्त्रिक उपकरणको प्रयोग गर्न अनुमती दिने वा नदिने भन्ने अन्तिम निर्णय नगरस्तरीय अनुगमन समितिको हुने छ ।

छ) नदी जन्य पदार्थ ओसार पसार गर्ने मार्ग अनुमगन समितिले तोके बमोजिम हुने छ ।

ज)उत्खनन पश्चात छनौट गरि छाडिएको काम नलाग्ने बस्तु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगि छाड्नु पर्ने छ । उत्खनन गर्दा तोकिएको गहिराई सम्म मात्र खाडल नदेखिने गरि उत्खनन गर्नु पर्ने छ ।

झ) उत्खनन कार्यमा खटिने ठेकेदारले इ.आइ.ए.का शर्तका अलवा ठेक्काका शर्त र अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु पर्ने छ ।

ञ) उत्खनन गर्दा पानीको सतहभन्दा १५ सेन्टिमिटर माथी छाड्नु पर्ने छ । उत्खनन गर्दा यस कार्ययोजनामा उल्लेखित शर्त तथा इ.आइ.ए. मा उल्लेखित शर्तहरु पालना गर्नु पर्ने छ ।

ट) उत्खनन स्थलमा काम गर्ने कामदारको लागि अस्थायी शौचालयको प्रवन्ध गरी उत्खनन स्थलमा मल मुत्र त्याग गर्न निषेध गर्नु पर्ने छ ।

ठ) उत्खननको लागि पहिचान भएको घाट नजिक सवैले देख्ने गरी उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विविध र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क न. लगाएतका कुरा जानकारी मुलक सुचना बोर्ड तयार गरि राख्नु पर्ने छ ।

**६) नदीजन्य पदार्थको ओसार पसार गर्ने विधि :**

नदीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्ने छ :

क) नदी प्रवेश आदेश लिइ उत्खनन गरिने घाटमा प्रवेश गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधि भर नदी प्रवेश आदेश र राजश्व आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्ने छ ।

ख) नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सवै विवरण स्पष्टसंग भर्न लगाई लिनु पर्ने छ । पटके आदेशमा उल्लेखित( मिति, समय, सवारी नं., ढुवानी गरी लैजानै स्थल,परिमाण,पदार्थको प्रकार उल्लेख गर्नु पर्ने छ ।

ग) नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसार पसार गर्ने समय विहान ८:०० बजे देखि साझ ६ :०० बजे सम्म हुने छ ।

घ) नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र २५० घन फिट. सम्मको ट्रक ।टिपर मात्र प्रयोग गर्न दिने सो को अनुगमनको प्रवन्ध अनुगमन समिति र स्थानीय प्रहरीले गर्ने ।

ङ.) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतीमा सवारी साधन गुडाउन पाइने छैन् ।

च) धुलो उड्न नदिन नियमित पानी छर्कने व्यवस्था उत्खनन कर्ताले गर्ने छ ।

**८) उत्खनन परिमाण नियन्त्रण गर्ने :**

उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्ने :

क)अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पुर्व प्रविधिकबाट गरिएको नापजांच तथा रेखांकनका आधारमा पहिलो पटक उत्खनन लाइन दिने ।

ख) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको दैनिक अभिलेख राख्ने ।

ग) दैनिक उत्खनन तेरिज तयार गरि नगरपालिकामा पठाउने र नगरकार्यपालिका कार्यालयले त्यसको अभिलेख राख्ने व्यवस्था गर्ने ।

**९) अनुगमन सम्बन्धि ब्यवस्था :**

क) इ.आइ.ए. प्रतिवेदनको पालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण लगाएतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिम नगरस्तरीय एक अनुगमन समिति रहने छ ।

- क) नगरप्रमुख संयोजक
- ख) कम्तीमा दुई महिला सहित तीन जना कार्यपालिका सदस्य, सदस्य
- ग) स्थानीय नेपाल प्रहरी प्रतिनिधि एक जना , सदस्य
- घ) स्थानीय शसस्त्र प्रहरी प्रतिनिधि एक जना , सदस्य
- ङ.) नगरपालिकाको प्राविधिक कर्मचारी, सदस्य सचिव

ख) अनुगमन समितिले जुन सुकै वेला अनुगमन गरि निर्देशन दिन सक्ने छ ।

ग) अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन कार्यदल गठन गर्न सक्ने छ ।

घ) पटके नदी प्रवेश आदेश, उत्खनन कर्ताले राख्ने नदिजन्य पदार्थको दैनिक उत्खनन अभिलेख,उत्खनन स्थलमा राख्नुपर्ने सुचना वोर्डको नमुना,नदीजन्य पदार्थको दैनिक पटके विकि अभिलेख तेरिजको ढाचा अनुगमन समितिले निर्धाण गर्ने ।

ङ.) यस कार्ययोजनामा अन्यत्र उल्लेख गरिएको कार्यहरुको अलवा अनुमगन समितिले उत्खनन स्थल निर्धारण, क्षेत्रफल तथा गहिराइको अनुगमन र खन्न सक्ने अधिकतम गहिराइको निर्धारणजस्ता विषयहरुको निर्क्योल गर्ने छ ।

**१०) उत्खनन गर्न हुने र नहुने क्षेत्रहरु :**

इ.आइ.ए.मा उल्लेखित क्षेत्रबाटमात्र ढुंगा,गिटी, बालुवा, माटो, चटान, दहत्तर,बहत्तर उत्खनन गर्ने ब्यवस्था मिलाउनु पर्ने छ तर जोखिमको आधारमा नगरस्तरीय अनुगमन समितिले यस्तो क्षेत्रलाई थपघट गर्न सक्ने छ ।

**११) पुर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता :**

नगरपालिकाको विकास निर्माणको प्रकृया, उपभोक्ताको उपभोग, मोफसलको विकास गतिविधि समेतलाई विचार गर्दा आ.व.२०७५।७६ मा ४००००००।००( चालिस लाख ) घन फिट ढुंगा,गिटी, बालुवा,को आवश्यकता देखिन्छ । उक्त अनुसारको स्रोतको उपलब्धता रहेको अवस्था छ ।

**१२) नगरपालिकाले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ :**

प्रदेश सभाबाट स्वीकृत दररेटको आधारमा मुल्य अभिबृद्धि कर वाहेक रु.४ ( चार) प्रति घन फिटका दरले राजश्व संकलन गर्दा यस आ.व.२०७५।७६ मा रु.१६००००००( एक करोड साठी लाख) राजश्व आम्दानी हुने छ ।

**१३) घाट गद्दी सम्बन्धि ब्यवस्था र स्थल :**

भण्डारण र घाटगद्दी सम्बन्धि ब्यवस्था र स्थल अनुगमन समितिले निर्धारण गर्ने छ ।

**१४) विविध :**

क)यस कार्ययोजनामा विरोधाभाष उत्पन्न भएमा नगरकार्यपालिकाले ब्याख्या गरि वाधा अड्काउ फुकाउन सक्ने छ ।

ख)यस कार्ययोजनामा प्रदेश नं. २ सरकारबाट बाट पारित भएको ढुंगा,गिटी, बालुवा उत्खनन्,संकलन, कसिंग र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यवस्थित गर्ने कार्यविधि , २०७५ मा भएको ब्यवस्था र शर्तहरु लागु हुने छन् ।

ग) यस कार्ययोजना ऐन सरह मान्य हुने छ ।